# नयाँ डब्लूटीओ प्रमुखका चुनौती

■ गोकर्ण अवस्थी

काठमाडौं- ब्राजिलका तर्फबाट १५ वर्षसम्म प्रतिनिधित्व गरेका रोबर्टो कार्लभार्हो डे एभिजेडो विश्व व्यापार संगठन (डब्लूटीओ) का नयाँ महानिर्देशक नियुक्त भएका छन् । विकासोन्मुख देशका तर्फबाट संगठनमा निकै दरिलो प्रस्तुति राख्दै आएका उनी अब त्यसलाई कार्यान्वयन गराउने तहमा पुगेका छन् । गत मंगलबार उनको चयन भएको हो । उनले आगमी सेप्टेम्बरदेखि कार्यभार सम्हाल्ने छन् ।

मुख्यतया दोहा विकास एजेन्डा (डीडीए) को प्रभावकारी कार्यान्वयन र त्यसमा विकासोन्मुख देशका मुद्दाका लागि लडेका एजिभेडो अब विकसित देशका मुद्दालाई पनि समावेश गरी तार्किक निष्कर्षमा पुर्‍याउनुपर्ने जिम्मेवारीमा पुगेका छन् । सन् २००१ मा दोहामा सम्पन्न संगठनको मन्त्रीस्तरीय बैठकमा विकासोन्मुख र अतिकम विकसित देशहरूलाई पनि समान अवसर दिने भनी अपनाइएको डीडीए अलपत्र छ ।

मुख्यतया विकसित देशहरू कृषिमा दिँदै आएको अनुदान घटाउन तयार छैनन् भने विकासोन्मुख मुलुक भन्सार दरबन्दी घटाउन मान्दैनन् । कृषि अनुदानका वरिपरि अल्झिरहेको यो विषयले व्यापारका लागि सहायता, आप्रवासी कामदारको सुरक्षा, विकसित देशमा गरिब देशका उत्पादनको भन्सार र कोटारहित पहुँचजस्ता नेपालको समेत चासो रहेका विषय ओझेलमा परेका छन् ।

युरोपियन युनियनको नेता हुँदै महानिर्देशक भएका पास्कल लामेले यो मुद्दालाई अगाडि बढाउन नखोजेका होइनन् । तर उनको कार्यकालको ८ सहित १२ वर्ष यत्तिकै खेर गएको छ । यो विवाद उत्कर्षमा हुँदा हरेक २ वर्षमा आयोजना हुनुपर्ने मन्त्रीस्तरीय बैठक सन् २००५ पछि एकैचोटि २००९ मा बस्यो । मन्त्रीस्तरीय बैठक डब्लूटीओको सर्वोच्च निकाय हो ।

त्यसपछि बैठक निरन्तर बसे पनि यी मुद्दा किनारा लाग्न सकेको छैन । लामेले एभिजेडोको नियुक्तिपछि यी विषयलाई अगाडि बढाउने विश्वास व्यक्त गरेका छन् । तर एभिजेडोले भने आगामी कार्यक्रमबारे औपचारिक धारणा सार्वजनिक गरिसकेका छैनन् । 'डब्लूटीओलाई अगाडि बढाउने विषयमा आगामी दिनमा छलफल हुने नै छ,' उनको भनाइलाई डब्लूटीओको वेबसाइटमा राखिएको छ ।

उनले तत्काल सम्बोधन नगरे पनि सबैभन्दा ठूलो चुनौती डीडीएको कार्यान्वयन नै हो । डीडीए अगाडि बढ्न नसक्दा सम्पन्न मन्त्रीस्तरीय बैठकले ९७ प्रतिशत उत्पादनलाई भन्साररहित पहुँच दिने सहमति भएको थियो । तर यसलाई पनि डीडीएमै समावेश गराइएकाले कार्यान्वयन हुन सकेको छैन ।

विकासोन्मुख देशहरूको समूह ब्रिक (ब्राजिल, रसिया, इन्डिया र चाइना) भने एभिजेडोको नियुक्तिबाट उत्साहित भएको प्रतिक्रिया दिएका छन् । उनी यस समूहबाट महानिर्देशक हुने पहिलो हुन् । यो समूह विकसित देशहरूलाई टक्कर दिने दरिलो गठबन्धन हो ।

नेपाल यतिखेर अतिकम विकसित देशको संयोजक भएकाले यी देशका मुद्दा उठाउने बढी जिम्मेवारी छ । 'एभिजेडोलाई

- ब्राजिलका एभिजेडो महानिर्देशक
- डीडीए कार्यान्वयन मुख्य जिम्मेवारी

बहुपक्षीय व्यापारिक प्रणालीमाथि नै प्रश्न चिह्न उठ्न थालेका बेला उनले यसलाई अगाडि बढाउन नसके निराशा बढ्ने छ ।

डीडीए सन् १९९९ को सियाटलमा सम्पन्न डब्लूटीओको मन्त्रीस्तरीय बैठकमा गरिबलाई पाखा लगाएको भन्दै व्यापक विरोध भएपछि यी देशका मुद्दा पनि समेट्ने गरी २००१ मा तयार पारिएको प्याकेज हो ।

यससँगै डब्लूटीओको सेवा क्षेत्रअन्तर्गतको मोड ४ लाई कार्यान्वयन पनि गर्ने विषय समेटिएकाले मध्यपूर्व मलेसियाजस्तै युरोप, अमेरिकामा पनि नेपालजस्ता मुलुकका कामदारले काम गर्ने वातावरण सिर्जना हुन सक्छ ।

डीडीएको अर्को अन्तरवस्तु विकसित देशहरूमा अतिकम विकसित देशका उत्पादनको भन्साररहित बजार पहुँच हो । जसमा सन् २००५ मा हङकङमा अतिकम विकसित देशहरूले पनि समर्थन गरेका छन्,' अन्तर्राष्ट्रिय व्यापारविद् रत्नाकर अधिकारीले भने, 'त्यसैले यी देशका मुद्दा उनले बढी सुन्ने सम्भावना छ ।'

तर डीडीएलाई सजिलै अगाडि बढाउन भने उनलाई पनि कठिन हुने बुझाइ उनको छ । 'एभिजेडोले पक्कै विकासोन्मुख देशका मुद्दालाई पनि समावेश गराउन खोज्ने छन्,' उनले भने, 'यसो हुँदा अमेरिका, युरोपियन युनियनजस्ता देशले नमान्ने हो भने पहिलेभन्दा सुधार नहुने खतरा हुन्छ ।' उनका अनुसार द्विपक्षीय व्यापार सम्झौतातर्फ मुलुकहरू आकर्षित हुने सम्भावना पनि रहन्छ । पछिल्लो दशकमा डब्लूटीओको न्यून प्रगतिले द्विपक्षीय र क्षेत्रीय व्यापारिक सञ्जालतर्फ देशहरूको रुचि बढ्न थालेको छ । यसलाई चिर्नु नयाँ महानिर्देशकको पहिलो चुनौती हो ।